# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

| खण्ड- १ | संख्या- ५२ | मितिः २०७८/०४/१८ |
|---|---|---|

## भाग-२

वडा शिक्षा समिति,विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक संघगठन सम्वन्धी कार्यविधि, २०७८

## भरतपुर महानगरपालिका

नगर कार्यपालिको कार्यालय

भरतपुर, चितवन

वागमती प्रदेश, नेपाल

प्रमुख

# वडा शिक्षा समिति,विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक संघगठन सम्वन्धी कार्यविधि, २०७८

प्रमाणिकरण मितिः २०७८/०४/१८

प्रस्तावनाः

चितवन जिल्ला भरतपुर महानगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरुको सञ्चालन रेखदेख, नियन्त्रण तथा व्यवस्थापन गरी सेवा क्षेत्रका सम्पूर्ण बाल बालिकाहरुलाई सहज शैक्षिक पहुँच पुर्‍याउन, विद्यालयमा शान्तीपूर्ण र बालमैत्री वातावरण निर्माण गर्न र सम्पूर्ण अभिभावक एवं शिक्षाका सरोकारवालाहरुलाई विद्यालय प्रति अपनत्वको भावना जागृत गराई विद्यालयको भौतिक, आर्थिक, शैक्षिक, प्रशासनिकएवं व्यवस्थापकीय पक्षको सुदृढीकरण गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले भरतपुर महानगरपालिका शिक्षा ऐन - २०७५ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी भरतपुर महानगरपालिकानगरकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ ।

## परिच्छेद — १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम वडा शिक्षा समिति,विद्यालय व्यवस्थापन समितिर शिक्षक–अभिभावक संघगठन सम्वन्धी कार्यविधि२०७८ रहेको छ ।

(२) यो कार्यविधि भरतपुर महानगरपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुने छ ।

**२. परिभाषा :**

(१) विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा शिक्षा ऐन भन्नाले भरतपुर महानगरपालिका शिक्षा ऐन - २०७५ लाईसम्झनुपर्दछ।

(२) वडा शिक्षा समिति भन्नाले दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

(३) शिक्षक अभिभावक संघ भन्नाले दफा १४ बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

(४) सामाजिक परीक्षण समिति भन्नाले दफा १५ बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

(५) विद्यालय व्यवस्थापन समिति भन्नाले भरतपुर महानगरपालिका भित्र रहेका सामुदायिक विद्यालयको भौतिक, आर्थिक, शैक्षिक, प्रशासनिकएवं व्यवस्थापकीय पक्षको सुदृढीकरण गर्न गठन भएको भरतपुर महानगरपालिका शिक्षा ऐन - २०७५ को दफा १२ उपदफा १ बमोजिमकोविद्यालय व्यवस्थापन समिति भन्ने सम्झनुपर्दछ ।

(६) अभिभावक भन्नाले विद्यालयमा पठन पाठन गर्ने विद्यार्थीका बाबु, आमा, दाजु, दिदी, बाजे, बज्यै वा विद्यार्थीको पालन पोषण गर्ने र पठन पाठनको व्यवस्था मिलाउने व्यक्तिलाई सम्झनु पर्दछ ।

तर भरतपुर महानगरपालिका शिक्षा ऐन - २०७५ को दफा १२ उपदफा १(क) बमोजिमका विद्यालय व्यवस्थापन समिति सदस्यहरु छनौट गर्ने प्रयोजनको लागि विद्यार्थीको बाबु, आमा, बुबातर्फको बाजे वा बज्यै मात्र अभिभावक मानिनेछ। एक घरको जतिजना विद्यार्थी अध्ययनरत भएपनि एक जना मात्र अभिभावक मानिनेछ।

(७) संरक्षक भन्नाले बालबालिकाको पालनपोषण वा संरक्षण गर्नका लागि कानुन बमोजिम सम्बन्धित निकायबाट स्वीकृति प्राप्त संरक्षक भन्ने बुझ्नुपर्दछ।

(८) शिक्षा अधिकृत भन्नाले सम्वन्धित क्षेत्रको विद्यालय निरीक्षक, अनुगमन गर्ने भरतपुर महानगरपालिका शैक्षिक प्रशासन महाशाखाका अधिकृत प्रतिनिधिलाई सम्झनु पर्दछ ।

(९) सम्बन्धित वडा भन्नाले विद्यालय अवस्थित भरतपुर महानगरपलिकाको कुनै वडा भन्ने सम्झनु पर्दछ ।

(१०) 'अध्यक्ष' भन्नाले भरतपुर महानगरपालिका शिक्षा ऐन - २०७५ को दफा १२ उपदफा ४ बमोजिमका अध्यक्षलाई सम्झनु पर्दछ ।

(११) चन्दादाता भन्नाले सामुदायिक विद्यालयलाई रकम, घर वा जग्गा उपलब्ध गराउने व्यक्ति वा अभिभावकलाई सम्झनु पर्दछ ।

(१२) 'संस्थापक' भन्नाले विद्यालयको स्थापना गर्न आयोजित भेलामा अभिलेखिकरण भएका अभिभावकहरु (गठित समितिहरु, अभिभावकहरु, समाजसेवीहरु, शिक्षकहरु एवं उपस्थित अन्य) व्यक्तिलाई सम्झनु पर्दछ ।

(१३) 'शिक्षा प्रेमी'/'वुद्धिजीवी' भन्नाले शिक्षा प्रति सकारात्मक सोच भएको, सामाजिक विकास एवं शैक्षिक चेतना अभिवृद्धिमा प्रत्यक्ष वा अप्रत्यक्ष ढंगले टेवा पुऱ्याउने व्यक्ति सम्झनु पर्दछ ।

(१४) 'शैक्षिक सत्र' भन्नाले विद्यालयमा पठन–पाठन गर्ने हरेक वर्षको वैशाख १ देखि चैत्र मसान्तसम्मको अवधिलाई सम्झनु पर्दछ ।

(१५) 'सहयोग समिति' भन्नाले विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनकोलागि सहयोग पुऱ्याउने वा सहजीकरण गर्ने समितिलाई सम्झनु पर्दछ।

## परिच्छेद –२

**३. वडा शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति रहनेछः

क) सम्बन्धित वडाको वडाध्यक्ष – अध्यक्ष

ख) सम्बन्धित वडाको महिला सदस्य –सदस्य

(ग) सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापक/शिक्षकहरू मध्येबाट २ जना र सम्बन्धित वडाका शिक्षा प्रेमीहरुमध्येबाट १ जना गरीवडा समितिले मनोनित गरेका ३ जना -सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट वडा शिक्षा समितिले तोकेको एक जना- सदस्य

(ङ) वडा भित्रको उच्चतम सामुदायिक विद्यालयको प्रधानाध्यापक-सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने ।

(ख) वडा क्षेत्र भित्र सबै बालबालिकाहरूको लागि अनिवार्य तथा निशुल्क शिक्षाको व्यबस्था गर्ने ।

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र उत्प्रेरित गर्ने।

(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) अभिभावक र शिक्षक वीच समन्वय गर्ने गराउने।

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

छ) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्न वडा समितिमा सिफारिस गर्ने ।

ज) वडाको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि आवश्यक कार्यहरु गर्ने।

झ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न वडा समितिमासिफारस गर्ने।

(ञ) आफ्नो **क्षेत्र** भित्र सञ्चालन हुने परीक्षालाई **मर्यादित** र व्यवस्थित बनाउन सहयोग गर्ने।

(ट) वडा भित्रका विद्यालययहरूमा विद्यालय व्यबस्थापन समिति र शिक्षक अभिभावक संघ गठनमा समन्वय र सहजीकरण गर्ने।
(ठ) विद्यालयलाई बालमैत्री बनाई बालमैत्री वडा निर्माणमा सहयोग पुऱ्याउने ।
(ड) वडामापुस्तकालय स्थापना र सञ्चालन गरी अनौपचारिक तथा निरन्तर सिकाइका अवसर प्रदान गर्न वडा समितिलाई सिफारिस गर्ने ।
(ढ) सामुदायिक सिकाइ केन्द्र सञ्चालन, व्यवस्थापन, अनुगमन तथानियमन गर्ने ।
(ण) संस्थागत विद्याललयले नियमानुसार वितरण गर्ने छात्रवृत्तिको अनुगमन तथा नियमन गर्ने ।
(त) वडा भित्रका उत्कृष्ट विद्यालय तथा शिक्षकहरूलाई पुरस्कृत गर्न वडा समितिमा सिफारिस गर्ने ।
(थ) एक वडा एक नमुना विद्यालयको अवधारणा अनुसार नमुना विद्यालय विकास सम्बन्धी कार्य गर्ने ।
(द) महानगरपालिका तथा नगर शिक्षा समितिको निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने ।

(३) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैंले निर्धारण गर्नेछ ।
(४) वडा शिक्षा समितिका मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

## परिच्छेद-३
## व्यवस्थापन समितिको अध्यक्ष र सदस्यको छनौट सम्वन्धी कार्यविधि

**४. अभिभावकको नामावली प्रकाशन सम्वन्धी व्यवस्था :**
(१) भरतपुर महानगरपालिका शिक्षा ऐन - २०७५ को दफा १२ उपदफा १ को खण्ड (क) बमोजिम सामुदायिक विद्यालयको व्यवस्थापन समितिको सदस्य छनौट गर्ने प्रयोजनको लागि शैक्षिक सत्र शुरु भएको तीस दिनभित्र कम्तिमा सात दिनको सूचना दिई अभिभावकहरुको भेला गराउनु पर्नेछ।
(२) उपदफा १ बमोजिम नभई निर्धारित पदावधि समाप्त भएको कारण शिक्षा ऐनको दफा १२उपदफा १ को खण्ड (क) बमोजिमका सदस्य छनौट गर्ने प्रयोजनको लागि पदावधि समाप्त हुनु भन्दा ३० दिन अगावै र अन्य विभिन्न कारणले उक्तसदस्यहरुको पद रिक्त भई पदपूर्ति गर्नको लागि पद रिक्त भएको १५ दिन भित्र अभिभावकहरुको भेला गराउनु पर्नेछ। साथै अध्यक्ष र अन्य सदस्यको पद रिक्त भई पदपूर्ति गर्नुपर्ने भएमा उक्त अध्यक्ष र सदस्य छान्ने वा मनोनयन गर्ने पदाधिकारी वा निकायले नैछान्ने वा मनोनयन गर्नेछन्।
(३) उपदफा १ अनुसारका सदस्य छनौट गर्ने प्रयोजनका लागि अभिभावकहरुको भेला गराउन कम्तिमा ७ दिन अगावै सहयोग समितिले विद्यालयको विद्यार्थी भर्ना अभिलेख(IEMIS)मा उल्लेख भए बमोजिमका अभिभावकहरुको नामावली विद्यालयमा सबैले देख्ने गरी प्रकाशन गर्नुपर्नेछ। यसको ढाँचा अनुसूची १ मा दिइएको छ।
(४) अभिभावकको सूची प्रकाशन गरिसकेपछि भर्ना भएका विद्यार्थीको अभिभावकको नाम यस प्रयोजनकोलागि मान्य हुने छैन।
(५) यस कार्यविधिको दफा २ उपदफा३ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमका विद्यार्थीका बाबु, आमा, बाजे र बज्यै मध्ये यदि कसैले एउटै विद्यार्थीलाई संस्थागत र सामुदायिक दुवै तर्फ भर्ना गरेको प्रमाणित भएमा त्यस्ता अभिभावकको नाम उक्त सूचीवाट हटाइने छ।
(६) अभिभावकको नामवली प्रकाशन गर्दा प्रारम्भिक बाल शिक्षा केन्द्र देखि विद्यालयमा सञ्चालित सम्पूर्णकक्षामा तत्काल अध्ययनरत विद्यार्थीका अभिभावकहरुको नाम समावेश गरिनेछ।
(७) कक्षागत एवं तहगत उत्तीर्ण भई अन्यत्र गएमा, विद्यार्थीले बीचैमा विद्यालय छाडेमावा स्थानान्तरण भई गएमा अभिभावकको पद स्वतः रिक्त भएको मानिने छ।

**५. अभिभावकको नाम थप तथा संसोधन गर्न सक्ने :**

(१) यस कार्यविधिको दफा४, उपदफा ३ बमोजिम प्रकाशित अभिभावकको नामावलीमा चित्त नबुझे वा नाम थप गर्न वा हटाउन वा अन्य विवरण सच्याउनु पर्ने भए अभिभावकहरुले प्रधानाध्यापक समक्ष नामवली प्रकाशित भएको तीन दिन भित्र सप्रमाण निवेदन दिनु पर्नेछ र सो निवेदन उपर सहयोग समितिले तत्काल जाँचवुझ गरी हेर्दा सही ठहरिएमा उक्त सहयोग समितिबाट पूर्व प्रकाशित नामावलीमा नाम थप गर्न हटाउन वा अन्य विवरण संसोधन गर्न सकिनेछ। सो संसोधित विवरण विद्यालयको सूचना पाटीमा तत्काल टाँसगरी सार्वजनिक गर्नुपर्नेछ।

(२) अभिभावक भेला बोलाउदा प्रत्येक अभिभावकलाई कम्तिमा ७ दिन अगावै भेलाको विषयवस्तु उल्लेख गरी पत्र तथा सार्वजनिक सुचना पठाई आमन्त्रण गर्नुपर्नेछ ।

(३)नामावली वा विवरण सच्याउने कार्य अभिभावक भेला भन्दा कम्तिमा ३ दिन अगावै सम्पन्न गरी सक्नुपर्नेछ।

**६. अभिभावक भेलाको आयोजना गर्ने सम्वन्धी व्यवस्था :**

(१) भरतपुर महानगरपालिका शिक्षा ऐन - २०७५ को दफा १२उपदफा १ (क) बमोजिमका सदस्यहरु छनौट गर्ने सम्वन्धमा अभिभावकहरुलाई सहयोग गर्नको लागि सम्वन्धित विद्यालय क्षेत्र हेर्नेशिक्षा अधिकृत वा भरतपुर महानगरपालिका शैक्षिक प्रशासन महाशाखाले खटाएको अधिकृतको संयोजकत्वमासम्बन्धित वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको सदस्य/वडा कार्यालयको प्रतिनिधि र सम्बन्धित विद्यालयकोप्रधानाध्यापक रहेको ३ सदस्यीय छनौट सहयोगसमिति गठन हुनेछ ।

(२) अभिभावक भेलाको अध्यक्षता मौजुदा विद्यालय व्यवस्थापन समितिका अध्यक्षले गर्नेछन् ।अध्यक्षको अनुपस्थितिमा विद्यालय व्यवस्थापन समितिका अन्य सदस्यहरु मध्ये उमेरको हिसाबले सबैभन्दा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछन् ।

(३) अभिभावक भेलामा अध्यक्षता गर्ने व्यक्तिले आफनो मन्तव्य सहित विद्यालय व्यवस्थापन समितिगठन/छनौट गर्ने प्रयोजनको लागि सहयोग समितिलाई जिम्मेवारी प्रदान गर्नेछन ।

(४) विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समितिका संयोजकले भरतपुर महानगरपालिका शिक्षा ऐनतथा यसै कार्यविधिकाछनौट सम्वन्धी प्रावधानहरुका बारेमा अभिभावकहरुलाई जानकारी गराउने छन र नीतिगत, कानूनी एवं प्रक्रियागत व्यवस्था अनुसार अन्य प्रक्रिया अगाडि बढाउने छन् ।

**७. मनोनयन दर्ता गर्ने सम्वन्धी व्यवस्था :**

(१) शिक्षा ऐनको दफा १२उपदफा १ (क) बमोजिमका सदस्य छनौट गर्ने प्रयोजनको लागि यस कार्यविधिको दफा २, उपदफा३ को प्रतिवन्धात्मक वाक्यांश अनुसारका विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकले मात्र मनोनयन दर्ता गर्न सक्नेछन ।

(२) योग्यता पुगेका अभिभावकहरुले अनुसूची २ वमोजिमको ढाँचामा सहयोग समितिले तोकेको समय र स्थानमा सहयोग समितिका संयोजक समक्ष मनोनयनपेश गर्नुपर्नेछ।

(३) सम्वन्धित विद्यालयका प्रधानाध्यापक सदस्य सचिव र सोही विद्यालयका एक जना शिक्षक विद्यालय व्यवस्थापन समितिको लागि शिक्षक प्रतिनिधिको रुपमा सदस्यमा रहने बाहेक निम्न अभिभावकहरु सदस्य पदको लागि अयोग्य ठहरिनेछन्।

(क) नेपाल सरकारबाट तलब भत्ता लिने वहालवाला कर्मचारी तथा शिक्षक

(ख) उमेर २५ वर्ष नपुगेको

(ग) प्रचलित कानुन बमोजिम कालोसूचीमा परेको

(घ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको र

(ङ) निजी विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी तथा लगानीकर्ताहरु

**८. मनोनयन दर्ता गर्नेहरुको नामावली /सूची प्रकाशन सम्वन्धी व्यवस्था :**

सहयोग समितिले तोकिएको समय भित्र र रितपूर्वक पेश हुन आएको मनोनयन पत्र अनुसारको पद र मनोनयन कर्ताहरुको सूची सबैले देखे गरी प्रकाशन गर्नु पर्नेछ । यसको ढाँचा अनुसूची ३ मा दिइएको छ ।

८. मनोनयन कर्ताहरुको नामावली उपर दावी विरोध एवं छानवीन सम्वन्धी व्यवस्था :

(१) सहयोग समितिले प्रकाशन गरेको मनोनयन कर्ताहरुको सूची उपर यदि कुनै अभिभावकलाई चित्त नवुझेमा वा विवरण झुठ्ठा लागेमा समितिका संयोजक समक्ष सप्रमाण लिखित दावी विरोध गर्न सक्नेछन् ।

(२) प्राप्त दावी विरोध उपर सहयोग समितिले यथाशिघ्र छानवीन गरी मनोनयन कर्ताहरुको अन्तिम नामावली प्रकाशन गर्नेछ।

**१०. कार्यविधि अन्तर्गत समयको हेरफेर तथा संसोधन सम्वन्धी व्यवस्था :**

सहयोग समितिले विद्यालय व्यवस्थापन समिति सदस्यहरु छनौट गर्ने सम्वन्धी प्रक्रियामा निर्धारित समयलाई आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

**११. मनोनयन फिर्ता लिने सम्वन्धी व्यवस्था :**

(१) सहयोग समितिले तोकेको समय भित्र मनोनयन कर्ता स्वयं उपस्थित भई स्वच्छाले आफनो मनोनयनफिर्ता लिन सक्नेछ।

(२) मनोनयनफिर्ता लिने फारामको ढाँचा अनुसूची ४ वमोजिम हुनेछ ।

**१२. सर्वसम्मत छनौटको प्रयास गरिने :**

(१) सहयोग समितिले मनोनयन कर्ताहरु बीच सर्वसम्मत गराउन व्यापक प्रयास गर्नेछ । उक्त अभिभावक भेलाले आवश्यक देखेमाभेलाको सहमतिमा सहजीकरण समिति गठन गरी समयावधी तोकेर सर्वसहमतिका लागि प्रयास गर्न अधिकार दिन सक्नेछ।

(२) सहजीकरण समितिले सर्वसहमति भएमा अभिभावकमध्येबाट शिक्षा ऐन दफा १२ उपदफा १ (क) बमोजिमका सदस्यहरुको लागि सहयोग समितिमा नामावली बुझाउनेछ।

(३) सहजीकरण समितिबाट तोकिएको समयावधिमा दफा ११ उपदफा २ बमोजिमको नामावली बुझाउन नसकेमा सहयोग समितिले आवश्यक प्रक्रिया अगाडी बढाउनेछ।

**१३. सर्वसम्मत छनौट भएको घोषणा गर्ने :**

नियमानुसार छनौट गर्नुपर्ने आवश्यक पदमा त्यतिकै संख्याको मनोनयन दर्ता भएमा सहयोग समितिले सर्वसम्मत वा निर्विरोध भएको घोषणा गरी अभिलेखिकरणगर्नेछ ।

(१) छनौट/मनोनयन भएका पदाधिकारीहरुलाई तोकिएको ढाँचामा प्रमाण पत्र उपलब्ध गराइने छ । जसको ढाँचा अनूसूचि५ बमोजिम हुने छ ।

## परिच्छेद–४

## शिक्षक अभिभावक संघको गठन र काम कर्तव्य

**१४.शिक्षक अभिभावक संघको गठन र काम कर्तव्य**

(१) शिक्षक–अभिभावक संघ सम्बन्धी व्यवस्थाः सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरू सदस्य रहेको एक शिक्षक–अभिभावक संघ रहनेछ ।

२) व्यवस्थापन समितिको अध्यक्षको अध्यक्षतामा अभिभावकहरुको भेला गराई बढीमा ११ जना रहने गरीदेहायबमोजिमको शिक्षक अभिभावक संघ कार्यकारी समिति गठन हुनेछः

क) अभिभावकहरूले आफूमध्येबाट छानेको व्यक्ति -अध्यक्ष

ख) अभिभावकहरूले आफूमध्येबाट छानेको कम्तीमा २ जना महिला पर्ने गरी ४ जना —सदस्य

ग) व्यवस्थापन समितिले तोकेको सो समितको सदस्य -सदस्य

घ) प्रधानाध्यापक—सदस्य

ङ) विद्यालयको लैङ्गिक सम्पर्क शिक्षक —सदस्य

च) स्थानीय शिक्षाप्रेमी समाजसेवी, चन्दादाता तथा बुद्धिजिवी मध्येबाट वडा शिक्षा समितिले मनोनित गरेको कम्तीमा १ महिलासहित २ जना— सदस्य

छ) प्रधानाध्यापकले तोकेको शिक्षक -सदस्य सचिव

३) शिक्षक अभिभावक संघको बैठकमा बाल क्लवको अध्यक्षलाई आमन्त्रण गर्नु पर्नेछ ।

४) उपदफा (२) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

५) उपदफा (२) बमोजिमको कार्यकारी समितिको बैठक दुई महिनामा कम्तीमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६) उपदफा (२) बमोजिमको कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक र अभिभावकसँग कम्तीमा त्रैमासिक र वार्षिक परीक्षा लगतै छलफल तथा विद्यार्थीको सिकाइ उपलब्धिको समीक्षा गर्ने।

ख) विद्यालयमा छात्रवृत्ति, पाठ्यपुस्तक वितरण समयमा भए नभएको अनुगमन गरी आवश्यक सुझाव दिने।

ग) शिक्षकलाई तालिम तथा क्षमता विकासका अवसर प्रदान गर्ने विषयमा विव्यसलाई सल्लाह सुझाव दिने।

घ) सामाजिक परीक्षण समितिको प्रतिवेदन उपर छलफल गरी आवश्यक सुझाव दिने।

ङ) विद्यालय सुधार योजना निर्माणमा सहयोग गर्ने।

ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अन्तरक्रिया गर्ने।

**१५. सामाजिक परीक्षण समिति सम्बन्धी व्यबस्था**

**१)प्रत्येक सामुदायिक विद्यालयमा देहाय बमोजिमको सामाजिक परीक्षण समिति रहनेछ**

क) शिक्षक अभिभावक संघको अध्यक्ष- संयोजक

ख) वडा अध्यक्षले तोकेको वडा समितिको सदस्य एक जना- सदस्य

ग) अभिभावकहरू मध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी शिक्षक अभिभावक संघले तोकेका दुई जना - सदस्य

घ) शिक्षक अभिभावक संघले तोकेको लेखा सम्बन्धी ज्ञान तथा अनुभव भएको बुद्धिजिवी एक जना -सदस्य

ङ) विद्यालयको उच्चतम कक्षाको प्रथम विद्यार्थी एक जना -सदस्य

च) प्रधानाध्यापकले तोकेको शिक्षक सदस्य-सचिव

२)सामाजिक परीक्षण समितिले देहाय बमोजिका विषयवस्तुका आधारमा अर्धवार्षिक र वार्षिकरुपमा सामाजिक परीक्षण गर्नु पर्नेछ र वार्षिक प्रतिवेदन महानगरपालिकाले तोकेको ढाँचामा आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र सम्बन्धित वडा कार्यालय र महानगरपालिकामा पेश गर्नु पर्नेछ ।सामाजिक परीक्षण गर्दा विद्यालयका काममा कैफियत वा नियमानुसार नभएको देखिएमा सुधारकोलागि विद्यालय व्यवस्थापन समितिलाई सुझाव दिने ।

क) विद्यालय सुधार योजना, वार्षिक कार्य योजना, विद्यालयका अन्य अभिलेखहरू

ख) विद्यार्थी भर्ना, विद्यालयको बालमैत्री वातावरण

ग) वार्षिक सिकाइ उपलब्धिस्तर सुधार

घ) विद्यार्थी तथा शिक्षकनियमितता र अभिलेख व्यवस्थापन

ङ शैक्षिक सामग्रीको उपलब्धता, शिक्षण सिकाइमा यसको प्रयोग र व्यवस्थापन

च) भौतिक व्यवस्थापन (विद्यालयको जग्गा व्यवस्थापन, भवन, उपयुक्त कक्षा कोठा, खेलमैदान, पानी सहितको शौचालय, पुस्तकालय आदि)

छ) विद्यालयको आम्दानी र खर्चका श्रेस्ता

ज) शिक्षक -विद्यार्थी, शिक्षक– शिक्षकं, विद्यालय -समुदाय सम्बन्ध, सामुदायिक सङ्घसंस्थाहरूसँगको सम्बन्ध र समन्वय
झ) अनुगमन (विभिन्न तहबाट हुने गरेको अनुगमन) बाट प्राप्त सुझाव कार्यान्वयन आदि)

## परिच्छेद -५
## विविधः

**१६. रिक्त पदपूर्ति सम्वन्धी व्यवस्था :**
कुनै विद्यालयको विद्यालय व्यवस्थापन समिति अध्यक्ष वा सदस्यहरुले पदावधि सकिनु अगावै पद रिक्तभएमा उक्त पद जुन प्रक्रियाबाट छनौट भएको हो बाँकी अवधि सम्मको लागि सोही प्रक्रिया र क्षेत्रवाट छनौट गरिनेछ।
**१७. अभिभावकको मान्यता :**
(१) अभिभावकको रुपमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र सामाजिक परीक्षण समितिमा प्रतिनिधित्व गर्ने सदस्य विद्यालयमा उक्त विद्यार्थी रहेसम्म अभिभावकको रुपमा मान्य हुनेछ।
**१८. पद रिक्त भएको मानिने :**
अभिभावकहरुबाट छनौट हुने सदस्यहरुको पद यस कार्यविधि अनुसार गठन भई सकेपछि निजका विद्यार्थीलाई स्थानान्तरण गरी अन्यत्र लगेमा त्यस्ता विद्यार्थीका अभिभावकहरुको पद स्वतः समाप्त भएको मानिने छ।
**१९. शिक्षक प्रतिनिधि सम्वन्धी व्यवस्था :**
शिक्षा ऐनको दफा १२उपदफा १ को खण्ड घ बमोजिम विद्यालय व्यवस्थापन समितिमा प्रतिनिधित्वका लागि नेपाल सरकारबाट अनुदान प्राप्त शिक्षकको रुपमा उक्त विद्यालयमा कार्यरत शिक्षकहरुले आफूमध्येबाट छनौटगरी पठाएकोएकजना शिक्षक सदस्यरहनेछन्।
**२०. संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी र चन्दादाता सम्बन्धी व्यवस्था :**
शिक्षा ऐनको दफा १२ उपदफा १ को खण्ड गबमोजिम विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी र विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दशलाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट व्यवस्थापन समितिको सदस्यमा मनोनित गर्नु पर्नेछ।
**२१.** सहयोग समितिले आवश्यक कार्य गर्न सक्ने :विद्यालय व्यवस्थापन समितिछनौट सहयोग समितिले विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया सम्पन्न गर्नका लागि यस कार्यविधिमा नबाझिने गरी आवश्यक थप कार्यविधि निर्माण गरी कार्यान्वयन गर्न सक्नेछ।
**२२. बाधा अडकाउ फुकाउने अधिकार :**
यस कार्यविधिमा भएका प्रावधान कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमाभरतपुर महानगरपालिका, नगर शिक्षा समितिलेआवश्यक व्याख्या गरी परिपत्र गर्न वा निर्देशन गर्नेछ।
**२३. यस कार्यविधि अनुसार हुनेः**
(१) विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा यस अघि भएका कार्यहरु यसै कार्यबिधि बमोजिम भएको मानिने छ र यस कार्यविधिमा रहेका प्रावधानहरु शिक्षा ऐनसंग बाझिएको हकमा स्वतः अमान्यहुनेछ।
(२)यस अघि भरतपुर महानगरपालिका अन्तरगतका सामुदायिक विद्यालयमा गठित विद्यालय व्यवस्थापन समिति यसै कार्यविधि अनुसार भएको मानिनेछ।

**२४. संशोधन र खारेजः**भरतपुर महानगरपालिका नगर कार्य समितिले कार्यविधिलाई संशोधन वा खारेज गर्न सक्नेछ।

अनुसूची — १

अभिभावकहरुको नामावली प्रकाशन गर्ने फाराम
(कार्यविधिको नियम ३,उपनियम ३ संग सम्वन्धित)

श्री.................................विद्यालय
भरतपुर महानगरपालिका - ..., चितवन

विद्यालय व्यवस्थापन समिति गठन गर्न प्रयोजनको यस विद्यालयका अभिभावकहरुको नामावली

| क.स. | अभिभावकको | | | विद्यार्थीको | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | बुबाको नामथर | आमाको नाम | ठेगाना | नामथर | ठेगाना | कक्षा | रो.नं. | IEMIS नं. | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

...........................
(प्रधानाध्यापक)

अनुसूची— २
विद्यालय व्यवस्थापन समितिसदस्य/महिला सदस्यको लागि दरखास्त फाराम
(कार्यविधिको नियम ६ उपनियम २ सँग सम्वन्धित)

श्री संयोजक ज्यू ,
विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समिति
श्री....................................विद्यालय, भरतपुर महानगरपालिका - .., चितवन

उपर्युक्त सम्वन्धमा भरतपुर महानगरपालिका शिक्षा ऐन - २०७५ को दफा १२उपदफा १ को खण्ड (क) वमोजिम यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको सदस्य/महिला सदस्य हुनको लागि इच्छुक रहेको साथै म नेपाल सरकारको तलव भत्ता खाने बहालवाला कर्मचारी नरहेको र निजी विद्यालयमा शिक्षक, कर्मचारी तथा लगानीकर्ता नभएकोले यो दरखास्त फाराम पेश गरेको छु। माथीका विवरण झुटो ठहरिएमा प्रचलित कानुन बमोजिम सजायको भागी हुनेछु।

निवेदककोनामथर :.................. ठेगानाः ............... अभिभावकको नामावली क.सं. : ....... बिद्यार्थीको नामः- ........... कक्षाः- ....... रोल नं. :- .... दस्तखत .............. मिति ...........

निज अभिभावक यस विद्यालयमा अध्ययनरत उल्लेखित बिद्यार्थीको अभिभावक भएको विद्यालयको अभिलेख अनुसार प्रमाणित गर्दछु।

प्रमाणित गर्ने
प्रधानाध्यापक

## अनुसूची –३
### मनोनयनकर्ताहरुको नामावली /सूची प्रकाशन
(कार्यविधिको नियम ७ संग सम्वन्धित )

श्री ....................................विद्यालय

..................................... .भरतपुर महानगरपालिका - .., चितवन

विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको लागि मनोनयनकर्ताहरुको नामावली

| क्र.स. | मनोनयनकर्ताको | | | विद्यार्थीको | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | नामथर | पद | ठेगाना | नामथर | ठेगाना | कक्षा | रो.नं. | IEMIS नं. | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

संयोजक

वि.व्य.स.छनौट सहयोग समिति

श्री....................................विद्यालय, भरतपुर महानगरपालिका - .., चितवन

## अनुसूची –४
### मनोनयन फिर्ता लिने फाराम
(कार्यविधिको नियम १० उपनियम २ संग सम्वन्धित)

श्री संयोजक ज्यू ,

विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समिति

श्री....................................विद्यालय, भरतपुर महानगरपालिका - .., चितवन

विषय : मनोनयन फिर्ता गरी पाऊ ।

उपर्युक्त सम्वन्धमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको सदस्य/महिला सदस्य पदमा मैले मनोनयन फिर्ता गर्न चाहेकोले नियमानुसार फिर्ताको लागि अनुरोध छ ।

मनोनयनकर्ताको नामथर :

ठेगाना :

दस्तखत:

मिति:

अनुसूची –५
प्रमाण पत्रको ढाँचा
(कार्यविधिको नियम १२ उपनियम १ संग सम्वन्धित)

श्री.....................................विद्यालय, भरतपुर महानगरपालिका - .., चितवन
...........................................................

प्रमाण–पत्र

भरतपुर महानगरपालिका शिक्षा ऐन- २०७५को दफा १२ उपदफा (१) बमोजिमयस विद्यालयको मिति......................मा सम्पन्न अभिभावक भेलाबाट तपाई श्री ............................................ लाई यस विद्यालय व्यवस्थापन समितिको ....................पदमा छनौट/मनोनयन हुनुभएकोले हार्दिक बधाइका साथ सफल कार्यकालको शुभकामनासहित यो प्रमाण–पत्र प्रदान गरिन्छ। तपाईबाट यस विद्यालयको शैक्षिक उन्नयन हुने अपेक्षा एवं विश्वास गरिएको छ।

.............................................
संयोजक
विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समिति
मितिः...............................

आज्ञालेः
(भोजराज खतिवडा)
प्रमुख प्रशासकीय अधिकृत